# स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४

नेपाल सरकार (म.प.) बाट स्वीकृत मितिः २०७४/१२/१४

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका तथा नगरपालिकामा आवश्यक सेवा प्रवाहको लागि कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम कर्मचारी समायोजन नभएसम्मका लागि *संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति*को प्रतिवेदनका आधारमा *नेपाल सरकार, मन्त्रिपरिषद*बाट स्वीकृत संगठन संरचना बमोजिम कर्मचारीको व्यवस्था गर्न, सेवा प्रवाहको लागि सरकारी सेवाका कर्मचारीलाई कामकाज गर्न खटाउने र गाउँपालिका तथा नगरपालिकाको कार्य जिम्मेवारीमा परेका विषयमा नेपाल सरकारका निकायमा रहेको सम्पत्ति, दायित्व समेत गाउँपालिका वा नगरपालिकामा हस्तान्तरण गर्ने सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम नेपाल सरकारले देहायको व्यवस्था गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस व्यवस्थाको नाम ***"स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४"*** रहेको छ ।

(२) यो व्यवस्था तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस व्यवस्थामा,-

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ख) "सेवा सञ्चालन गर्ने निकाय" भन्नाले प्रचलित कानून बमोजिम सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय सम्झनु पर्छ ।

(ग) "स्वीकृत दरबन्दी" भन्नाले नेपाल सरकारबाट स्थानीय तहको लागि स्वीकृत अन्तरिम संगठन संरचना तथा दरबन्दी सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ ।

(ङ) "जिल्ला समन्वय अधिकारी" भन्नाले जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत संझनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ज) "शाखा" भन्नाले गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति अर्न्तगतको महाशाखा, शाखा, उपशाखा, इकाई, प्रशाखा, सेवा केन्द्र, उपकेन्द्र र यस्तै प्रकृतिको कार्य गर्ने शाखा सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति संझनु पर्छ ।

३. **<u>शाखा तथा पदको कार्यविवरण र मिलान</u>** : (१) गाउँपालिका तथा नगरपालिकामा कायम गरिएको संगठन संरचना बमोजिम रहने शाखाको कार्यविवरण मन्त्रालयले उपलब्ध गराउनेछ ।सो को आधारमा स्थानीय तहले शाखागत कार्य विवरण स्वीकृत गर्नु पर्नेछ ।

(२) स्थानीय तहमा कायम रहेका शाखा यसै व्यवस्था बमोजिम मिलान हुनेछन् ।

(३) उपदफा (१) बमोजिमका शाखामा कर्मचारी तोक्दा संघबाट खटिएका निजामती कर्मचारीलाइ समान पदमा प्राथमिकता दिइ तोक्नु पर्नेछ । यसरी खटाउँदा स्थानीय तहमा कार्यरत स्थायी कर्मचारी स्वीकृत दरबन्दी भन्दा बढी भएमा कामको प्रकृति हेरी इकाई/शाखा थप गरी सोही बमोजिम कर्मचारी व्यवस्थापन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको शाखागत कार्य विवरणको आधारमा स्थानीय तहले प्रत्येक पदको कार्यविवरण तयार गरी कर्मचारीलाइ उपलब्ध गराउनु पर्नेछ ।

४. **<u>कर्मचारीको विवरण तयार गर्ने</u>**: (१) गाउँपालिका तथा नगरपालिकाको स्वीकृत दरबन्दी बमोजिमका कर्मचारी कार्यरत भए नभएको विवरण मन्त्रालयले ७ दिन भित्र तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण तयार गर्दा देहायका विषय खुलाउनु पर्नेछः-

(क) यो व्यवस्था प्रारम्भ हुँदाका बखत कार्यरत रहेका कर्मचारीको विवरण,

(ख) स्थानीय तहमा हाल कार्यरत विभिन्न सेवा, श्रेणी तथा तहका कर्मचारीको संख्या र विवरण (स्थायी, अस्थायी वा करार स्पष्ट खुल्ने विवरण),

(ग) स्वीकृत दरबन्दी बमोजिम आवश्यक पर्ने कर्मचारीको सेवा (प्राविधिक वा प्रशासन) र श्रेणी वा तहको विवरण ।

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ को उपदफा (३) बमोजिम जिल्ला समन्वय समितिमा बढी भई अन्यत्र खटाउनु पर्ने कर्मचारीको विवरण ।

(३) यो विवरण तयार गर्न मन्त्रालयले आवश्यकता अनुसार स्थानीय तह वा अन्य निकायबाट समेत विवरण माग गर्न सक्नेछ र त्यस्तो विवरण उपलव्ध गराउनु त्यस्तो निकायको कर्तव्य हुनेछ ।

५. **<u>खटाउनु पर्ने कर्मचारीको संख्या यकिन गर्ने</u>** : (१) दफा ४ बमोजिम कर्मचारीको माग सहितको विवरण प्राप्त भएपछि मन्त्रालयले खटाउनु पर्ने कर्मचारीको संख्या यकिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारीको संख्या यकिन गर्दा मन्त्रालयले देहाय बमोजिमको विवरण समेत तयार गर्नेछः-

(क) स्थानीय तहको लागि आवश्यक पर्ने विभिन्न सेवा, श्रेणी तथा तहका कर्मचारीको संख्या,

(ख) स्थानीय तहमा हाल कार्यरत कर्मचारीबाट व्यवस्था गर्न सकिने विभिन्न सेवा, श्रेणी तथा तहका कर्मचारीको संख्या,

(ग) मन्त्रालयबाटै खटाउनु पर्ने कर्मचारी तथा त्यस्ता कर्मचारीको सेवा, समूह तथा श्रेणी वा तह,

(घ) सेवा सञ्चालन गर्ने निकायबाट स्थानीय तहमा खटाउनु पर्ने कर्मचारी तथा त्यस्ता कर्मचारीको सेवा, समूह तथा श्रेणी वा तह,

(ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ को उपदफा (३) बमोजिम जिल्ला समन्वय समितिमा बढी भई जिल्ला भित्रका गाउँपालिका र नगरपालिकामा खटाउनु पर्ने कर्मचारीको विवरण ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै गाउँपालिका वा नगरपालिकाले आफूलाई आवश्यक पर्ने कर्मचारीको माग नगरेको अवस्थामा पनि स्वीकृत संगठन संरचना बमोजिम मन्त्रालयको अभिलेख तथा उपदफा (२) को विवरणको आधारमा त्यस्तो गाउँपालिका तथा नगरपालिकाको लागि यस व्यवस्था बमोजिम खटाउनु पर्ने कर्मचारीको संख्या यकिन गरी कर्मचारी खटाईनेछ ।

६. **पदाधिकार रहने**ः जुनसुकै सरकारी सेवाबाट स्थानीय तहमा खटाईने कर्मचारीको कानून बमोजिम समायोजन नभएसम्मका लागि हाल कायम रहेको सेवा समूहमा पदाधिकार रहनेछ ।

७. **कर्मचारी खटाउने** : (१) दफा ५ बमोजिम स्थानीय तहमा खटाउनु पर्ने कर्मचारीको सेवा, समूह, श्रेणी वा तहगत संख्या यकिन भएपछि जिल्ला समन्वय अधिकारी र प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउँदा कर्मचारीको वरिष्ठतालाई समेत ध्यान दिई मन्त्रालयले खटाउनेछ ।

तर राजपत्रांकित विशिष्ट श्रेणीको प्रमुख प्रशासकीय अधिकृतको पदमा नेपाल सरकारले खटाउनेछ ।

(२) दफा (५) बमोजिम आवश्यक पर्ने कर्मचारी खटाउनको लागि त्यस्ता कर्मचारीको सेवा, समूह, श्रेणी वा तह तथा खटाउनु पर्ने गाउँपालिका वा नगरपालिकाको विवरण सहित मन्त्रालयले सेवा सञ्चालन गर्ने निकायलाई अनुरोध गर्नेछ ।

(३) मन्त्रालयबाट उपदफा (२) बमोजिम अनुरोध भई आएमा सेवा सञ्चालन गर्ने निकायले अनुरोध भए बमोजिमका कर्मचारी अनुरोध प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा खटाई सो को जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(४) जिल्ला समन्वय समितिमा हाल कार्यरत कर्मचारीलाई स्वीकृत दरबन्दी अनुरुप पद मिलान गरी काममा खटाउनु पर्नेछ । यसरी खटाउँदा दरबन्दी भन्दा कर्मचारी बढी भएमा त्यस्तो कर्मचारी आवश्यक भएको सोही जिल्लाको गाउँपालिका वा नगरपालिकाको मिल्दो दरबन्दीमा खटाउनु पर्नेछ । साथै कर्मचारी खटाउँदा सदरमुकामबाट सबैभन्दा बढी दूरीमा रहेका आफनो जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकामा खटाउनु पर्नेछ र यसको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

तर जिल्ला समन्वय समितिमा कार्यरत कर्मचारीलाई खटाउँदा हाल दरबन्दी रहेको जिल्ला भन्दा बाहिरका स्थानीय तहमा खटाउन सकिने छैन् ।

(५) स्थानीय तहमा समायोजन भएका साविक स्थानीय सेवाका कर्मचारीलाई समायोजन भएको गाउँपालिका वा नगरपालिकाको कार्यक्षेत्र भन्दा बाहिर सरुवा, काज वा अन्य कुनै तरिकाबाट अर्को निकायमा काम गर्ने गरी खटाईने छैन ।

तर यो व्यवस्था प्रारम्भ भएको तीन महिना भित्र कुनै गाउँपालिका वा नगरपालिकामा न्यूनतम दरवन्दी भन्दा बढी कर्मचारी भएमा एक पटकका लागि दुबै तहको सहमतिमा जिल्ला समन्वय समितिले सोही जिल्ला भित्रको एक स्थानीय तहको कर्मचारीलाई अर्को स्थानीय तहमा कामकाज गर्न खटाउन सक्नेछ ।

(६) यस व्यवस्था बमोजिम गाउँपालिका र नगरपालिकामा सरकारी सेवाबाट खटिएका कर्मचारीलाई दफा १७ को उपदफा (२) को अवस्थामा बाहेक यस व्यवस्थाको प्रतिकूल हुने गरी कुनै पनि संघीय निकाय, प्रादेशिक निकाय, जिल्ला समन्वय समिति वा अन्यत्र काजमा राख्न वा खटाउन सकिने छैन ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सेवा समूह संचालन गर्ने मन्त्रालय वा सम्बन्धित निकायले यस व्यवस्था बमोजिम स्थानीय तहमा कर्मचारी नखटाएमा सम्बन्धित निकायसँग समन्वय गरी मन्त्रालयले खटाउन सक्नेछ ।

(८) यस व्यवस्था बमोजिमका प्रमुख प्रशासकिय अधिकृत रिक्त भएमा सो भन्दा मुनीको पदमा कार्यरत निजामती सेवा तर्फको वरिष्ठ कर्मचारीलाई मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतको रुपमा तोक्न सक्नेछ ।

(९) स्वीकृत दरबन्दीमा उल्लेखित प्राविधिक कर्मचारी मध्ये इन्जिनियर, सब इन्जिनियर, असिष्टेन्ट सब इन्जिनियर, प्राविधिक सहायक वा अमिनको व्यवस्था गर्दा कार्यबोझको आधारमा दुई वा सो भन्दा बढि वडाहरुको समूह (क्लष्टर) बनाइ कार्यक्षेत्र तोकी पायक पर्ने वडा कार्यालयमा रहने गरी खटाउनु पर्नेछ ।

(१०) गाउँपालिका वा नगरपालिकाको प्राविधिक कार्यको कार्यबोझको आधारमा केन्द्र वा एउटा वडाको प्राविधिक कर्मचारीलाई अर्को वडा कार्यालयको प्राविधिक काम समेतको जिम्मेबारी दिन वा स्वीकृत दरबन्दी बमोजिमका कर्मचारी परिपूर्ति नभएसम्मको लागि मिल्दो शाखाको जिम्मेबारी दिन बाधा पर्ने छैन ।

(११) यस व्यवस्थामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि *नेपाल शिक्षा सेवाका* कर्मचारीलाई स्वीकृत दरवन्दी बमोजिमको संगठन संरचना अनुसार गाउँपालिका तथा नगरपालिकाको शिक्षा शाखामा खटाईनेछ र सो शाखामा कर्मचारी पूर्ति भई बाँकी रहेमा मन्त्रालयले जिल्ला समन्वय अधिकारी वा प्रमुख प्रशासकीय अधिकृतमा खटाउन सक्नेछ ।

८. **<u>वडा कार्यालय र वडा सचिवः</u>** (१) गाउँपालिका तथा नगरपालिकाको प्रत्येक वडा समितिले वडा कार्यालय संचालनमा ल्याउनु पर्नेछ ।

(२) यस व्यवस्था बमोजिम सरकारी सेवाबाट खटिएका वा स्थानीय तहमा कार्यरत कर्मचारीलाई गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले वडाको दरबन्दीमा कामकाज गर्न खटाउनु पर्नेछ । वडा कार्यालयको लागि आवश्यक कर्मचारी खटाए पछि मात्र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दरबन्दीमा खटाउनु पर्नेछ ।

(३) वडा कार्यालयको प्रशासनिक कामका लागि कर्मचारी खटाउँदा एकजना कर्मचारीलाई एक भन्दा बढी वडा कार्यालयको जिम्मेबारी दिईने छैन ।

(४) महानगरपालिकाको वडा कार्यालयको लागि कम्तीमा नेपाल प्रशासन सेवाको राजपत्रांकित तृतीय श्रेणी वा अन्य सेवाको प्रशासन तर्फको सातौ वा आठौ तहको अधिकृतलाई वडा कार्यालयको सचिवको रुपमा खर्टाईनेछ ।

(५) उपमहानगरपालिकाको वडा कार्यालयको लागि नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको कम्तीमा राजपत्रअनंकित प्रथम श्रेणी वा अन्य सेवाको प्रशासन तर्फको सातौं, छैठौं वा पाँचौं तहको कर्मचारीलाई वडा कार्यालयको सचिवको रुपमा खर्टाईनेछ ।

(६) उपदफा ४ र ५ मा उल्लेख भए देखी बाहेकका गाउँपालिका र नगरपालिकाको वडा कार्यालयमा कर्मचारी खटाउँदा स्वीकृत दरबन्दी बमोजिमका कर्मचारीलाई खटाईनेछ ।

तर स्वीकृत दरबन्दी बमोजिमका कर्मचारी खटिई नआएसम्मको लागि उपलब्ध बरिष्ठ कर्मचारी मध्येबाट वडा कार्यालयको सचिवको रुपमा काम गर्न खटाउन सकिनेछ ।

(७) वडा सचिवको पदमा निजामती सेवा, स्थानीय सेवा वा अन्य सेवाका स्थायी कर्मचारी बाहेक अन्यलाई खटाउन वा तोक्न पाइने छैन् ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि *"अन्य सेवा"* भन्नाले निजामती सेवा बाहेकको अन्य सरकारी सेवा, स्थानीय तहमा खटिई जाने सरकारी संगठित संस्थामा कार्यरत कर्मचारी सम्बद्ध सेवा वा साविक स्थानीय निकायबाट समायोजन भई स्थानीय तहमा रहेको सेवा सम्झनु पर्छ ।

९. **<u>आर्थिक प्रशासन तथा लेखाका कर्मचारीको व्यवस्थापन</u>** : (१) स्थानीय तहमा कामकाज गर्न स्वीकृत दरबन्दीमा लेखा समूहकोकर्मचारीको व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) रा.प. विशिष्ठ श्रेणी र रा.प. प्रथम श्रेणीको प्रमुख प्रशासकीय अधिकृत रहने उपमहानगरपालिका/महानगरपालिकामा रा.प. द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं र दशौं तहको लेखा तर्फको कर्मचारी खटाउने,

(ख) रा.प. द्वितीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृत रहने गाउँपालिका तथा नगरपालिकामा रा.प. तृतीय श्रेणी वा अधिकृतस्तर सातौं/आठौं तहको लेखा तर्फको कर्मचारी खटाउने,

(ग) रा.प.तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृत रहने गाउँपालिकामा अधिकृतस्तर छैठौं वा राजपत्र अनंकित प्रथम श्रेणीको लेखापाल वा सो सरहको पाँचौं तहको लेखा तर्फको कर्मचारी खटाउने,

(२) महालेखा नियन्त्रक कार्यालयले यो व्यवस्था प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र गाउँपालिका र नगरपालिकामा कामकाज गर्न निजामती सेवाका लेखा समूहका कर्मचारी खटाउनु पर्नेछ ।

(३) जिल्ला समन्वय समितिमा स्वीकृत दरबन्दीभन्दा बढी भएका लेखा तर्फका कर्मचारीको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ को उपदफा (३) बमोजिम जिल्लाभित्रका सदरमुकाम भन्दा बाहिरका लेखा तर्फका कर्मचारी नभएका गाउँपालिका वा नगरपालिकामा कामकाज गर्न जिल्ला समन्वय समितिले खटाउनेछ र सो को जानकारी महालेखा नियन्त्रकको कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम लेखा तर्फको कर्मचारी खटिइ नगएमा वा कुनै कारणबस पन्ध्र दिन भन्दा बढी उक्त कर्मचारी कार्यालयमा नरहेमा गाउँपालिका वा नगरपालिकामा साविकका स्थानीय निकायका लेखा तर्फका स्थायी कर्मचारी वा यस व्यवस्था बमोजिम सरकारी संगठित संस्थाका लेखा तर्फका कर्मचारीलाई जिम्मेवारी दिई बैंक खाता संचालनको व्यवस्था मिलाउन सकिनेछ ।

(५) स्थानीय तहको खर्च एकल कोष खाता प्रणालीमा आधारित हुनेछ र स्थानीय तहको केन्द्रबाट मात्र भुक्तानी कार्य संचालन हुनेछ ।

१० **विषय क्षेत्रगत कार्य व्यवस्थापन:** (१) नेपाल सरकारका विभिन्न विषयगत सेवा समूहमा कार्यरत कर्मचारी समायोजन नहुन्जेलसम्म गाउँपालिका वा नगरपालिकामा खटिंदा तत् तत् स्थानीय स्तरका विषय क्षेत्रगत सेवा केन्द्र, फिल्ड स्तरका कार्यालय र इकाई वा सो अन्तर्गत रही कामकाज गर्ने गरी स्थानीय तहले तोक्नु पर्नेछ ।

(२) स्थानीय तहका हालका विषयगत कार्यालय तथा सेवा केन्द्र वा फिल्ड स्तरका कार्यालयहरु हाल जुन स्थानमा रहेका छन् सोही स्थानबाट नै सेवा संचालन गरिनेछ ।

(३) विषय क्षेत्रगत कार्यहरुको समन्वय गाउँपालिका तथा नगरपालिकाको तत् तत् शाखाबाट हुनेछ र सोको प्रशासनिक नियन्त्रण र जनशक्ती व्यवस्थापन प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

तर कुनै स्थानीय तहमा रहेका सेवा केन्द्र वा फिल्ड स्तरका कार्यालयको प्राविधिक सुपरीवेक्षण, अनुगमन र समन्वयको लागि स्थानीय तहको केन्द्र रहेको स्थानमा अवस्थित सेवा केन्द्रको प्रमुखलाई जिम्मेवारी दिइ आवश्यक व्यवस्था मिलाउन सकिनेछ ।

११. **पद अनुसारको जिम्मेवारी दिनु पर्ने:** (१) यस व्यवस्था बमोजिम निजामती सेवा वा सरकारी सेवाबाट स्थानीय तहमा खटिएका कर्मचारीलाई स्थानीय तहले स्वीकृत दरबन्दी र कार्यविवरण बमोजिम जिम्मेबारी दिनु पर्नेछ ।

(२) शाखा प्रमुखको पदमा बाहेक अन्य पदमा खटिएका कर्मचारीलाई निजको अनुभव तथा विज्ञता बमोजिम स्वीकृत दरबन्दी तथा कार्यविवरण सहित काममा खटाउनु पर्नेछ ।

(३) यस दफा बमोजिम खटिएका कर्मचारीलाई सम्बन्धित स्थानीय तहले निजको पदले गर्ने कार्यविवरण सहित कामकाजमा लगाउनु पर्नेछ ।

(४) स्थानीय तहमा संचालनमा रहेको आयोजना, परियोजना वा कार्यक्रमको प्रमुख पदमा स्थायी कर्मचारीलाइ खटाउनु पर्नेछ ।

१२. **सचिवालय तथा सचिव सम्बन्धी व्यवस्था** : -१) गाउँपालिका वा नगरपालिकाको सभा वा कार्यपालिकाले गठन गर्ने समिति वा उपसमितिमा गाँउपालिका वा नगरपालिकाको सम्बन्धित शाखाले सचिवालयको रुपमा कार्य सम्पादन गर्नुपर्नेछ ।

(२) आन्तरिक लेखा परीक्षण शाखाले लेखा समितिको सचिवालयको रुपमा र सो शाखाको प्रमुखले लेखा समितिको सचिवको रुपमा काम गर्नेछ ।

(३) न्यायिक समितिको सचिवालयको रुपमा कानूनी मामिला शाखाले कार्य गर्नेछ ।

१३. **स्थानीय तहमा खटिएका कर्मचारीको तलब सुविधाको भुक्तानी** :- (१) यस व्यवस्था बमोजिम स्वीकृत दरबन्दीमा खटिइएको कर्मचारीको तलब सुविधा त्यसरी खटाउने निकायले खटाइएको स्थानीय तह मार्फत उपलब्ध गराउनेछ ।

(२) कुनै कारणबश उपदफा (१) बमोजिम स्थानीय तह मार्फत तलब सुविधा उपलब्ध गराउन नसकिने अवस्था भएमा कर्मचारी खटाउने निकायले त्यस्तो कर्मचारीले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) यस व्यवस्था बमोजिम काम काज गर्न खटिएका कर्मचारीले कार्यालयमा कामकाज गरेको अवधीको दैनिक भत्ता पाउने छैन ।

१४. **करारमा कर्मचारी राख्न सक्ने** : (१) यस व्यवस्था बमोजिम दरबन्दी संरचनामा नपरेका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) तथा दफा ९४ को उपदफा (७) बमोजिमको सेवा लिँदा स्थानीय तहले नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बमोजिम वार्षिक कार्यक्रमको उपयुक्त शीर्षकमा बजेट व्यवस्था गरी सेवा करारमा लिन सक्नेछ ।

(२) यस व्यवस्था बमोजिम नेपाल सरकारबाट ईन्जिनियर, सव-ईन्जिनियर, असिष्टन्ट सव-ईन्जिनियर, चिकित्सक, हेल्थ असिष्टेन्ट, अमिन, सर्वेक्षक, कृषि प्राविधिक, कृषि प्राविधिक सहायक, पशु चिकित्सक, पशु प्राविधिक सहायक, सूचना प्रविधि अधिकृत, जस्ता अन्य प्राविधिक कर्मचारी कर्मचारी समायोजन ऐन, २०७४ मा तोकिएको अवधिसम्म खटिई नआएमा वा एक महिना भन्दा बढी अवधिको विदा स्वीकृत गराई बसेको अवस्थामा मन्त्रालयको सहमति लिई गाउँ/नगर कार्यपालिकाबाट निर्णय गरी करारमा राखिने पदको लागि लोक सेवा आयोगले तोके बमोजिमको योग्यता भएको व्यक्तिलाई उपयुक्त शीर्षकबाट पारिश्रमिक व्यवस्था गरी अवधि तोकी सेवा करारमा राख्न सकिनेछ । यसरी सेवा करारमा लिँदा पुरै समय वा आंशिक समय मात्र काम गर्ने गरी समय तोकी सोही बमोजिमको सुविधा दिने गरी सेवा करारमा काममा लगाउन बाधा पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा राखिएको पदमा नेपाल सरकारको कुनै निकायबाट कर्मचारी कामकाज गर्न खटिइ आएमा त्यसरी कर्मचारी खटिई आएको दिन देखि सेवा करारमा रहेको व्यक्तिको सेवा स्वतः समाप्त हुनेछ ।

(४) स्थानीय तहले उपदफा (३) बमोजिम सेवा करारमा जनशक्ति व्यवस्थापन गर्दा तत्सम्बन्धी स्वीकृत कार्यविधि अनुरूप गर्नुपर्ने छ । त्यस्तो कार्यविधिको नमूना नेपाल सरकारले उपलब्ध गराउने छ ।

१५. **प्राविधिक इन्टर्न वा स्वयंसेवक परिचालन गर्न सक्ने** : स्थानीय तहले प्राविधिक कर्मचारी अपर्याप्त भएको अवस्थामा अवधि र कार्य शर्त तोकी सम्बन्धित विश्वविद्यालयसँग समन्वय गरी इन्टर्न तथा स्वयंसेवक परिचालन गर्न सक्ने छन् । यसरी इन्टर्न तथा स्वयंसेवकको अवधि तोक्दा एक व्यक्तिका लागि एक वर्षमा तीन महिना भन्दा बढि तोकिने छैन् ।

१६. **स्थानीय तहमा खटिएका कर्मचारीको सेवा अवधि** : (१) स्थानीय तहमा खटिएका कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ मा व्यवस्था भएको सरूवाको न्यूनतम अवधि व्यतित नभई अन्यत्र खटाईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा त्यस्तो कर्मचारीलाई अन्यत्र खटाउन सकिनेछः-

(क) कुनै स्थानमा कार्यरत कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने कुरा नेपाल सरकारद्वारा तोकिएको मेडिकल वोर्डले सिफारिश गरेमा,

(ख) विभागीय कारवाही गर्नु परेमा,

(ग) निजलाई कार्यरत कार्यालयमा राखि राख्न उपयुक्त नभएमा ।

१७. **जग्गा प्रशासन सम्बन्धी अभिलेख तथा कर्मचारी व्यवस्था** : (१) जग्गा प्रशासनको काम स्थानीय तहमा हस्तान्तरण गर्दा स्थानीय तहले जग्गा प्रशासन सम्बन्धी पूर्वाधार तयार गरे पछि भूमि प्रशासन हेर्ने सम्बन्धित मन्त्रालयले जग्गा सम्बन्धी केन्द्रीय अभिलेख राखी भू-सूचना प्रणाली बमोजिम कार्य सम्पादन हुने गरी सम्पति, दायित्व, जिम्मेवारी, जनशक्ति र श्रोत साधन क्रमशः हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमेजिम मालपोत र नापी लगायत भूमि सम्बन्धी स्थानीय तहमा हस्तान्तरण हुने कार्यको हकमा आवश्यकता अनुसारका कर्मचारी सेवा सञ्चालन गर्ने निकायले खटाउनेछ ।

१८. **सम्पत्ति, दायित्व तथा बजेट स्थानान्तरणः** (१) संघीय संरचनामा जिल्लास्तरमा रहने संघीय सरकारका कार्यालयहरू बाहेकका जिल्लास्थित देहायका कार्यालय, विकास समिति तथा निकायको नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहको कार्यजिम्मेवारीमा परेका कार्यहरू स्थानीय तहमा हस्तान्तरण भए अनुसार सो ऐनको दफा १०४ बमोजिम त्यस्ता कार्यालय, निकाय, विकास समिति तथा अन्य निकायको सम्पत्ति, दायित्व, अभिलेख, कागजात तथा बजेट सम्बन्धित गाउँपालिका वा नगरपालिकामा स्थानान्तरण गरिसक्नु पर्नेछ :-

(क) जिल्ला प्राविधिक कार्यालय,

(ख) कृषि विकास कार्यालय,

(ग) पशु सेवा कार्यालय,

(घ) घरेलु तथा साना उद्योग कार्यालय,

(ङ) नगर विकास समिति, खेलकुद विकास समिति जस्ता विकास समितिहरू,

(च) भू-संरक्षण कार्यालय,

(छ) शिक्षा कार्यालय,

(ज) तथ्याङ्क कार्यालय,

(झ) पर्यटन कार्यालय,

(ञ) महिला तथा बालबालिका कार्यालय,

(ट) प्रतिष्ठान र आयोजना, परियोजना,

(ठ) यस्तै प्रकृतिका जिल्लास्थित कार्यालय र सो मातहतका अन्य कार्यालय वा निकायहरू

(२) यस दफा बमोजिम दायित्व, सम्पत्ति र कार्यक्रम स्थानान्तरण गर्दा अचल सम्पत्तिको हकमा जुन गाउँपालिका वा नगरपालिकामा त्यस्तो अचल सम्पत्ति रहेको छ सोही गाउँपालिका वा नगरपालिकालाई अभिलेख सहित स्थानान्तरण गर्नु पर्नेछ ।

(३) विषयगत मन्त्रालय वा सरकारी निकायबाट संचालन भइ आएका कृषि तथा पशु सेवा केन्द्र र उपकेन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, आयुर्वेद औषधालय, शिक्षाका स्रोत केन्द्र, सामुदायिक पुस्तकालय, सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकूद सम्वद्ध कार्यालय, विभिन्न योजना वा कार्यक्रमबाट सम्पन्न खानेपानी, सिचाईं, महिला तथा बालबालिका, वन तथा भू-संरक्षण, घरेलु तथा साना उद्योगको स्थानीयस्तरका कार्यालयहरू, भवन तथा सहरी विकास, नगर विकास समिति, सडक, श्रम, पर्यटन, वाणिज्य, सहकारी, युवा जस्ता स्थानीय स्तरका कार्यालयको चल अचल सम्पत्ति, बजेट कार्यक्रम तथा कर्मचारीहरू विषयगत मन्त्रालयहरूले सम्बन्धित गाउँपालिका वा नगरपालिकामा हस्तान्तरण वा स्थानान्तरण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानान्तरित निकायका कर्मचारीहरूले हाल जुन जुन स्थानमा रही सेवा प्रवाह गरिरहेका छन् सोही स्थानको स्थानीय तह अन्तरगत रही सेवा प्रवाह गर्नु पर्नेछ। यसरी कामकाज गर्न खटाईएका कर्मचारीहरु स्थानीय तहमा हस्तान्तरण हुँदा निजको तलव सुविधा स्थानीय तहमा पठाउनु पर्नेछ । स्थानीय तहमा तलव सुविधा पठाउन तत्काल बजेट प्रणाली अनुकूल नहुने भएमा कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत कर्मचारीको बैंक खातामा नै जम्मा हुने व्यवस्था सम्वन्धित विषयगत कार्यालयले मिलाउनु पर्नेछ।

(५) जिल्ला समन्वय समितिमा रहेका चल अचल सम्पत्ति मध्ये जिल्ला समन्वय समितिलाई आवश्यक नभएका वा व्यवस्थापन गर्न उच्च लागत लाग्ने प्रकृतिका सम्पत्ति जिल्ला समन्वय समितिले जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ। यसरी हस्तान्तरण गर्दा चल सम्पत्तिका हकमा पर्याप्त स्रोत साधन नभएका गाउँपालिका र नगरपालिकालाई प्राथमिकता दिनु पर्नेछ ।

(६) सडक, शहरी विकास तथा भवन निर्माण, सहकारी, सिंचाई, खानेपानी तथा सरसफाई, जलउत्पन्न प्रकोप न्यूनिकरण, भूमिगत सिंचाई आदि जस्ता डिभिजन वा सो सरहको कार्यालयको रुपमा रहेका निकायको संविधान र *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* बमोजिम स्थानीय तहको कार्यजिम्मेवारीमा परेका कार्यहरू स्थानीय तहमा स्थानान्तरण भए अनुसार तत् तत् निकायको सम्पत्ति, दायित्व, बजेट, अभिलेख, कागजात तथा कार्यक्रम सोही ऐनको दफा १०४ बमोजिमको अवधिभित्र गाउँपालिका वा नगरपालिकामा स्थानान्तरणगरिसक्नु पर्नेछ ।

(७) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ बमोजिम जिल्लास्थित कार्यालय वा निकाय र जिल्ला समन्वय समितिको सम्पत्ति, दायित्व बजेट तथा कार्यक्रम स्थानीय

तहमा स्थानान्तरणगर्दा अपनाउनु पर्ने प्रक्रिया र समय समेत सिफारिस गर्न देहायको एक उपसमिति रहनेछ:

| | |
|---|---|
| (क) जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| (ख) सम्पत्ति स्थानान्तरणगर्नु पर्ने विषयगत कार्यालयको प्रमुख | सदस्य |
| (ग) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख | सदस्य |
| (घ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (ङ) जिल्ला समन्वय अधिकारी | सदस्य-सचिव |

(८) यस व्यवस्थामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा ७ बमोजिमको उप समितिले स्थानीय सरकार संचालन ऐनको दफा १०४ को अवधि भित्र उक्त दफामा उल्लेख भए बमोजिम चल सम्पत्तीहरु सवारी साधन, हेभि इक्वीपमेन्ट, कम्प्युटर, प्रिन्टर लगायतका मेसिनरी औजार, फर्निचर, जस्तापाता, तारजाली, खानेपानी पाइप आदि उपलब्ध स्रोत साधनको सन्तुलित र न्यायोचित वितरण हुने गरी स्थानीय तहमा स्थानान्तरणगर्नेछ र अचल सम्पत्तीहरु भवन, जग्गा जमीन, स्थायी संरचना तथा यस्तै प्रकृतिका सम्पत्तिको हस्तान्तरण सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(९) उपदफा (७) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ।

२०. **<u>संगठित संस्थाका कर्मचारी स्थानीय तहमा खटाउने</u>**: स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहको अधिकारक्षेत्रमा परेका विषयसँग सम्बन्धित काम गर्ने प्रचलित कानून बमोजिम स्थापना भएका र नेपाल सरकारको स्रोतबाट संचालित संगठित संस्थामा कार्यरत स्थायी कर्मचारीलाई निजको साविकको काम हस्तान्तरण हुने स्थानीय तहमा स्वीकृत संगठन संरचना अनुसार मिल्दोजुल्दो जिम्मेवारीमा काम गर्ने गरी २०७५ बैशाख मसान्त भित्र सम्बन्धित मन्त्रालयले खटाउनेछ र सो को जानकारी मन्त्रालयलाइ दिनु पर्नेछ ।

२०. **<u>जिल्ला समन्वय समिति र अन्य कार्यालयको भूमिका:</u>** (१) जिल्ला स्तरमा कर्मचारी सम्बन्धी व्यवस्थामा सहजिकरण, समन्वय गर्न तथा संगठन संरचना अनुसार कार्य भई रहेको वा नरहेको, कर्मचारी खटिएको स्थानमा रही कामकाज गरेको वा नगरेको, हाजिर गराएको वा नगराएको विषयमा अनुगमन गरी प्रतिवेदन सहित सो सम्बन्धमा मन्त्रालयलाई मासिक रुपमा सुझाव दिने कार्य जिल्ला समन्वय समितिले गर्नेछ ।

(२) यस व्यवस्था बमोजिमको कार्य सम्पादन गर्ने सिलसिलामा सम्पत्ति, दायित्व तथा बजेटको स्थानान्तरण, विभिन्न विवरण सम्बन्धी प्रतिवेदन, योजना तथा कार्यक्रमको संचालन,

स्थानीय तहको निर्णय कार्यान्वयन, कर्मचारीको व्यवस्थापन लगायतका विषयमा आवश्यक सहयोग, समन्वय वा सहजिकरण गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२१. **<u>अनुगमन प्रतिवेदन र समन्वय:</u>** (१) यस व्यवस्थामा भए गरेका कार्यको प्रगति विवरण नेपाल सरकारका सम्बन्धित मन्त्रालय वा निकायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रत्येक महिनाको ५ गतेभित्र उपलब्ध गराउनु पर्नेछ ।

(२) यस व्यवस्थाको कार्यान्वयनको अनुगमन, सहजिकरण गर्ने तथा कार्यान्वयनको क्रममा देखिएका समस्या समाधान गर्न समेतको लागि देहाय बमोजिम केन्द्रीय अनुगमन तथा सहजिकरण समिति रहनेछ :-

(क) नेपाल सरकारको मुख्य सचिव - संयोजक

(ख) नेपाल सरकारका सम्बन्धित मन्त्रालयका सचिव - सदस्य

(ग) नेपाल सरकारको अर्थ मन्त्रालयको सचिव - सदस्य

(घ) नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको (सामान्य प्रशासन हेर्ने) सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक तथा अनुगमन सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । साथै संयोजकले आवश्यकतानुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) यो व्यवस्था कार्यान्वयनको लागि समितिले कुनै मन्त्रालय वा निकायको प्रमुखलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२२. **<u>खारेजी र बचाऊ</u>** : (१) स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश, २०७४ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेको कामकारबाही यसै व्यवस्था बमोजिम भए गरेको मानिनेछ ।